**आकाशवाणी समाचार- नेपाली**
**मितिः २५ मई २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा 66 विशिष्ट व्यक्तिहरूलाई वर्ष 2026 को पद्म पुरस्कार प्रदान गर्नु हुनेछ। कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, उपराष्ट्रपति सीपी राधाकृष्णन, गृहमन्त्री अमित शाह पनि उपस्थित रहनु हुनेछ।

- पश्चिम बंगालमा भारतीय जनता पार्टीका उम्मेदवार देबाङ्शु पाण्डालाई **फाल्ता** विधानसभा सिटमा एक लाख भन्दा बढी मतको जितको निम्ति प्रधान मन्त्री नरेन्द्र मोदीले बधाई दिनु भएको छ।

- गृहमन्त्री अमित शाहले सरकारले सबै जनजातीय समुदायहरूलाई समान नागरिक संहिताको दायराबाट बाहिर राख्न विशेष प्रावधान गरेको बताउनु भएको छ।

- विदेशमन्त्री डा. एस जयशंकरले भन्नु भएको छ, भारत र अमेरिका सबै स्वरूपका आतङ्कवादका विरुद्ध लड्न तयार छन्।

- आईपीएल क्रिकेटमा अंतिम लीग म्याचमा हिज **डेल्ही कैपिटल्स ले कोलकाता नाइट राइडर्स लाई** पराजित गर्यो। अन्य एक म्याचमा **राजस्थान रॉयल्सले मुंबई इंडियंसलाई** पराजित गर्यो।

**राष्ट्रपति पदम पुरस्कार**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा 66 विशिष्ट व्यक्तिहरूलाई वर्ष 2026 को पद्म पुरस्कार प्रदान गर्नु हुनेछ। कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, उपराष्ट्रपति सीपी राधाकृष्णन, गृहमन्त्री अमित शाह पनि उपस्थित रहनु हुनेछ। आज दुई पद्मविभूषण, छ पद्मभूषण र 58 पद्मश्री सम्मान प्रदान गरिने छ। राष्ट्रपति मुर्मुले वर्ष 2026 का लागि 1 सय 31 पद्म पुरस्कार स्वीकृत गर्नु भएको छ। यसमा पाँच पद्म विभूषण, 13 पद्म भूषण र 1 सय 13 पद्मश्री सम्मान समावेश छन्। रहल पद्म पुरस्कार समारोहको दोस्रो चरणको अन्त्यमा प्रदान गरिनेछ।

**पीएम-फाल्ता**

प्रधान मन्त्री नरेन्द्र मोदीले भारतीय जनता पार्टीका उम्मेदवार देबाङ्शु पाण्डालाई फाल्ता विधानसभा चुनावमा रिकॉर्ड अंतरले विजयी भएकोमा बधाई दिनु भएको छ। एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भन्नुभयो, यो विजयले पश्चिम बङ्गालका जनताको भाजपाप्रति अटुट विश्वासलाई प्रतिबिम्बित गर्दछ। उहाँले पश्चिम बंगालका भाजपा कार्यकर्ताहरूको कडा परिश्रम र उत्कृष्ट कार्यको सराहना गर्नु भयो। सबै कार्यकर्ताले राज्यको प्रगतिको लागि निरन्तर काम गर्ने उहाँले आशा व्यक्त गर्नु भयो।
पश्चिम बंगाल विधानसभा चुनावमा धाँधली भएपछि चुनाव आयोगले फाल्तामा पुनः मतदान गराउने आदेश दिएको थियो। 21 मईमा पुनः मतदान भएको थियो। अब राज्य विधानसभाको 294 सिटमा भाजपाका विधायकको संख्या 208 पुगेको छ।

**विदेशमंत्री-अमरीका**

विदेशमन्त्री डा. एस जयशंकरले भन्नु भएको छ, भारत र अमेरिका सबै स्वरूपका आतङ्कवादका विरुद्ध लड्न तयार छन्। हिजो नयाँ दिल्लीमा 250 औँ स्वतन्त्रता दिवस समारोहलाई सम्बोधन गर्दै डा. जयशंकरले भन्नुभयो, दुवै देशहरूले आतङ्कवाद प्रति शून्य सहिष्णुताको नीतिमा दृढ रहनुपर्दछ। उहाँले वैश्विक अर्थव्यवस्थालाई जोखिमबाट बचाउन र विश्वलाई थप विकल्पहरू प्रदान गर्न दुवै देशहरूको निहित स्वार्थ रहेको बताउनु भयो। विदेशमन्त्रीले भन्नुभयो, धेरै स्थितिहरूमा दुई देशहरू विभिन्न क्षेत्रहरूमा प्रभावकारी रणनीतिक साझेदार बनेका छन्।

**बाइट – जयशंकर**

अमेरिकी विदेश मन्त्री र राष्ट्रिय सुरक्षा सल्लाहकार मार्को रुबियोको भ्रमणको उल्लेख गर्दै डा. जयशंकरले भन्नु भयो, यस भ्रमणले समकालीन सन्दर्भमा भारत-अमेरिका सम्बन्धको महत्वलाई उजागर गर्दछ। श्री जयशंकरले भन्नुभयो, एक वर्षअघि प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकका राष्ट्रपति डोनाल्ड ट्रम्पले दुई देशबीचको साझेदारीलाई अझ बलियो बनाउने वातावरण तयार गरेका थिए।

पद्म पुरस्कारको घोषणा हरेक वर्ष गणतन्त्र दिवसको अवसरमा गरिन्छ । यो प्रतिष्ठित नागरिक पुरस्कार कला, सार्वजनिक हित र समाज सेवा, साहित्य र शिक्षा, विज्ञान र इन्जिनियरिङ, व्यापार र उद्योग, चिकित्सा, खेलकुद आदिको क्षेत्रमा विशिष्ट उपलब्धिहरूको लागि प्रदान गरिन्छ।

यो पुरस्कार असाधारण र सराहनीय सेवाका लागि पद्मविभूषण, विशिष्ट सेवाका लागि पद्मभूषण र कुनै पनि क्षेत्रमा विशिष्ट सेवाका लागि पद्मश्रीबाट सम्मानित गरिन्छ। पद्म पुरस्कारले समाज र देशको लागि अद्वितीय सेवाको प्रेरणा दिन्छ, समाजका वंचित र दलित समुदायहरू, आदिवासी समुदायहरू र दुर्गम र दुर्गम क्षेत्रका मानिसहरूबाट पनि चयन गरिन्छ।

**शाह-जनजातीय यूसीसी**

गृहमन्त्री अमित शाहले सरकारले सबै जनजातीय समुदायहरूलाई समान नागरिक संहिताको दायराबाट बाहिर राख्न विशेष प्रावधान गरेको बताउनु भएकोछ। यसको उद्देश्य उनीहरूको अधिकारको पूर्णरुपले संरक्षित गर्नु हो। नयाँ दिल्लीमा जनजातीय संस्कृति सम्मेलनलाई सम्बोधन गर्नु हुदै गृहमन्त्रीले भन्नुभयो, समान नागरिक संहिताले कुनै पनि जनजातीको अधिकारको हनन गर्दैन। धरती आबा भगवान बिरसमुण्डाको विरासतको उल्लेख गर्नु हुदै श्री शाहले भन्नु भयो, 'वन भूमिमाथि जनजातीय समुदायको स्वामित्व हुनुपर्छ भन्ने सन्देश मैले दिएको छु। श्री शाहले भन्नुभयो, नरेन्द्र मोदी सरकारले जनजाती कल्याणलाई एक लाख पचास हजार करोड रूपैयाँ पुर्याएको छ जो काङ्ग्रेस सरकारको समयमा केवल २८ हजार करोड रुपियाँ थियो।

**संशो सी.बी.एस.ई- तारीख**

केंद्रीय माध्यमिक शिक्षा बोर्ड- सी.बी.एस.ईले कक्षा बाह्रको बोर्ड परीक्षाको उत्तर पुस्तिकाहरुको स्कैन प्रति प्राप्त गर्ने अंतिम तिथि आज सम्मको लागि बढ़ाएको छ । बोर्डले छात्रहरुलाई आवेदन गर्ने पर्याप्त समय उपलब्ध गरुन यो निर्णय लिएको बताएको छ । आज उत्तर पुस्तिकाको अन्तिम स्कैन प्रति उपलब्ध गराइएपछि पनि पोर्टलमा दुइ दिन सम्म खुल्ला रहनेछ ।

बोर्डले पुनर्मूल्यांकनको लागि आवेदन गर्ने तारीख चाडै घोषित गर्ने बताएको छ ।

**एनटीए सीयूइटी-परीक्षा**

राष्ट्रीय परीक्षा एजेंसी (NTA) ले यस महिनाको 28 तारिख हुने संयुक्त विश्वविद्यालय प्रवेश परीक्षा सीयूइटी-यूजी 2026 को मिति बढाएको छ। सरकारी सूचना अनुसार इद उल अधा बकरीदको मिति परिवर्तन भएकाले यो निर्णय लिइएको प्राधिकरणले जनाएको छ । संशोधित परीक्षा मिति चाँडै सूचित गरिनेछ। विद्यार्थीहरूलाई अद्यावधिकका लागि एनटीएको आधिकारिक वेबसाइटसँग सम्पर्कमा रहन भनिएको छ। कुनै पनि स्पष्टीकरणको लागि, NTA हेल्पडेस्कलाई टेलिफोन नम्बर 011-40759000 मा सम्पर्क गर्न सकिन्छ वा cuet-uginta.ac.in मा इमेलमा सम्पर्क गर्न सकिन्छ।

**अनिवार्य घोषणा - सार्वजनिक भाषण**

आकाशवाणी समाचार सेवा विभागले आज राति ९:३० बजे सार्वजनिक भाषण कार्यक्रममा ज्येष्ठ नागरिकहरूलाई एकीकृत डिजिटल सहयोग प्रदान गर्ने पहल जीवन र शतायु एप्समा छलफल प्रसारण गर्नेछ। सामाजिक न्याय तथा सशक्तिकरण मन्त्रालयका सहसचिव मोनाली पी. धकातेले उक्त छलफलमा भाग लिनु हुनेछ।

**नागाल्याण्डका राज्यपाल - भोजपुरी समाज**

नागाल्याण्डका राज्यपाल नन्द किशोर यादवले विद्यार्थीहरूलाई केन्द्रित रहन र समाज र राष्ट्रको विकासमा सकारात्मक योगदान दिन आह्वान गर्नुभएको छ। श्री यादवले आज दिमापुरमा आयोजित नागाल्याण्ड भोजपुरी समाजको १४ औं सम्मान कार्यक्रममा भोजपुरी समुदायका जेहेन्दार विद्यार्थीहरूलाई सम्मान गर्दै यो कथन दिएका हुन्।

शिक्षालाई प्रगति र चरित्र निर्माणको आधारको रूपमा वर्णन गर्दै वहाँले विद्यार्थीहरूलाई जिम्मेवार नागरिक बन्न समर्पित, केन्द्रित र प्रतिबद्ध रहन आग्रह गर्नुभयो । भोजपुरी समुदायले नागाल्याण्डको सामाजिक र सांस्कृतिक जीवनमा बहुमूल्य योगदान पुर्‍याएको राज्यपालले भन्नुभयो ।

**हज तीर्थयात्रा**

पश्चिम एशियामा क्षेत्रीय तनाव बीच वार्षिक पांच दिवसीय हज यात्रा आज शुरू हुदै छ, जसमा भारत सहित विश्व भरिबाट 1.6 मिलियन भन्दा अधिक अधिक मुसलमान पवित्र शहर मक्का देखि सऊदी अरबको मीना शहरमा भेला हुन आफ्नो यात्रा शुरू गर्दैछन् । उनीहरुले त्यहाँ रात बिताउनेचन अनि हज पाठको दिन मुख्य अनुष्ठानको लागि भोलि बिहान अराफातको मैदानी क्षेत्र तर्फ अघि बढ्ने छन् । यस वर्षको हज यात्रामा भारतबाट लगभग एक लाख पचहत्तर हजार तीर्थयात्रीहरु सहभागी हुँदैछन् ।

**आईपीएल- क्रिकेट**

आईपीएल क्रिकेटमा अंतिम लीग म्याचमा हिज **डेल्ही कैपिटल्स ले कोलकाता नाइट राइडर्स लाई** 40 रनले पराजित गर्यो । डेल्ही कैपिटल्सले पहिलो ब्याट गर्दै निर्धारित 20 ओवरमा पांच विकेटमा 203 रन बनाएको थियो । जवाबमा कोलकाताको टीमले 18 ओवर चार बलमा 163 रन मात्र बनाउन सफल भयो । कुलदीप यादवलाई **प्लेयर ऑफ द म्याच** प्रदान गरियो ।

अन्य एक मुकाबिलामा **राजस्थान रॉयल्सले मुंबई इंडियंसलाई** 30 रन ले हरायो । यसको साथै राजस्थान रॉयल्स प्ले ऑफमा स्थान बनाउने चौथो टीम बनेको छ । राजस्थानले पहिलो ब्याट गर्दै निर्धारित 20 ओवरमा आठ विकेट गुमाएर 205 रन बनायो । 206 रनको लक्ष्यको जवाबमा **मुंबई इंडियंस**ले निर्धारित 20 ओवर मा 9 विकेटमा 175 रन मात्र बनाउन सक्यो ।